युनिक नेपाल
लघुवित्त वित्तीय संस्था लि.
"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)"

केन्द्रीय कार्यालय:
कोहलपुर नगरपालिका वडा नं. ११, बाँके
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. : ०८१-५४०२१३, ईमेल : info@unlbsl.com.np
वेब : www.uniquenepalmicrofinance.com.np

Unaudited Condensed Statement of Financial Position

Condensed Statement of Financial position
as on 31, Ashoj, 2083

Amount in NPR

Assets	This Quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalents	423,920,531	274,784,214
Statutory Balance and due from Nepal Rastra Bank	17,764,900	17,764,900
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFISs & Cooperatives	-	-
Loans and advances to customers	3,212,992,459	3,326,402,535
Investment securities	-	-
Current tax assets	-	-
Investment property	-	-
Property and Equipment	25,795,972	25,410,222
Goodwill and Intangible assets	-	-
Deferred Tax Assets	13,246,710	13,246,710
Other assets	218,452,740	215,469,183
Total Assets	**3,912,173,312**	**3,873,077,763**
Liabilities		
Due to Bank and Financial Institutions	138,246,981	168,223,470
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	2,937,403,924	2,896,901,680
Borrowings	-	-
Current Tax Liabilities	42,581,518	38,951,912
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	417,496,484	401,145,213
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**3,535,728,907**	**3,505,222,275**
Equity		
Share Capital	148,575,000	148,575,000
Share Premium	-	-
Retained Earnings	48,389,047	43,641,319
Reserves	179,480,357	175,639,169
Total Equity	**376,444,404**	**367,855,488**
Total Liablities and Equity	**3,912,173,312**	**3,873,077,763**

Condensed Statement of Profit or Loss
For the quarter ended 31, Ashoj, 2083

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	134,537,411	134,537,411	136,720,769	136,720,769
Interest expense	64,384,200	64,384,200	63,837,081	63,837,081
Net interest income	**70,153,210**	**70,153,210**	**72,883,688**	**72,883,688**
Fees and commission income	8,320,304	8,320,304	8,690,409	8,690,409
Fees and commission expense	657	657	2,493	2,493
Net fee and commission income	**8,319,647**	**8,319,647**	**8,687,916**	**8,687,916**
Net interest, fee and commission income	**78,472,857**	**78,472,857**	**81,571,603**	**81,571,603**
Net trading income	-	-	-	-
Other operating income	3,336,355	3,336,355	2,928,959	2,928,959
Total operating income	**81,809,213**	**81,809,213**	**84,500,562**	**84,500,562**
Impairment charge/(reversal) for loans and other losses	30,857,415	30,857,415	24,767,408	24,767,408
Net operating income	**50,951,798**	**50,951,798**	**59,733,154**	**59,733,154**
Operating expense	**40,901,279**	**40,901,279**	**34,510,988**	**34,510,988**
Personnel expenses	33,741,705	33,741,705	27,528,807	27,528,807
Other Operating expenses	6,714,423	6,714,423	6,468,545	6,468,545
Depreciation and Amortisation	445,151	445,151	513,636	513,636
Operating Profit	**10,050,519**	**10,050,519**	**25,222,166**	**25,222,166**
Non operating Income	2,048,168	2,048,168	1,346,487	1,346,487
Non operating expense	-	-	-	-
Profit before income tax	**12,098,687**	**12,098,687**	**26,568,653**	**26,568,653**
Income tax expense	3,629,606	3,629,606	7,970,596	7,970,596
Current tax	3,629,606	3,629,606	7,970,596	7,970,596
Deferred Tax	-	-	-	-
Profit for the period	**8,469,081**	**8,469,081**	**18,598,057**	**18,598,057**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit for the period	**8,469,081**	**8,469,081**	**18,598,057**	**18,598,057**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**8,469,081**	**8,469,081**	**18,598,057**	**18,598,057**
Basic Earning Per Share (Annualized)		22.80		50.07
Diluted Earning per Share		22.80		50.07

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA		6.62%		8.48%
Non Performing Loan (NPL) to total Loan		19.83%		12.67%
Total loan loss provision to Total NPL		99.83%		130.41%
Cost of funds		8.24%		8.21%
Credit to Deposits and Borrowing Ratio		136.38%		140.88%
Base rate		13.81%		13.11%
Interest Rate Spread		6.16%		6.76%

Statement of Distributable Profit or Loss

Net Profit for the period end 31 Ashoj, 2083	**8,469,081**
1.1 Profit required to be appropriated to:	**2,032,579**
a. General Reserve	1,693,816
b. Capital redemption reserve	-
c. Exchange Fluctuation reserve	-
d. Corporate social responsibility fund	84,691
e. Employees training fund	
f. Client protection fund	254,072
g. Other	-
Profit or (loss) before regulatory adjustment - -	**6,436,502**
1.2 Regulatory Adjustment:	**(1,688,773)**
a. Interest receivable (-)/previous accrued interest received (+)	(1,688,773)
b. Short loan loss provision in accounts (-)/reversal (+)	
c. Short provision for possible losses on investment (-)/reversal (+)	
d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+)	
e. Deferred tax assets recognised (-)/ reversal (+)	
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	
g. Bargain purchase gain recognised (-)/reserval (+)	
h. Actuarial loss recognised (-)/reversal (+)	
i. Other	
Net Profit for the period available for distirubtion - -	**4,747,728**
Opening Retained Earnings as of Shrawan 01 2083	43,641,319
Adjustment (+/-)	
Distribution: -	
Bonus Share Issued -	
Cash Dividend Paid -	
Total Distributable Profit or (loss) as on Qtr end date 2083 Ashoj	48,389,047
Annualized Distributable Profit/(loss) per Share	32.57

Notes :
1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances are stated at net of impairment charge and included interest receivable on loan.
3. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
4. Figures has been regrouped/rearranged/restated whereever necessary.
5. The interim financial statements has been uploaded in the website https://uniquenepalmicrofinance.com.np
6. Interest on deposit and Loan & Advance: **Deposit**: 7.5% to 13 % **Loan & Advance:** 13.88.00% to 15%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुची नं. १४ (नियम ३६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) आ.व. २०८३/०८४ को पहिलो त्रैमास (२०८३/०४/०१ देखि २०८३/०६/३१ सम्म) को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघुवित्त वित्तीय संस्थाको वेवसाइटमा राख्नुका साथै यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी रु.	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति शेयर नेटवर्थ रु.	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	तरलता अनुपात
२२।८०	५४।५९	२५३।३७	२,६३३।१३	१२।७६

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :

यस अवधिमा यस वित्तीय संस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ । यस त्रैमास मसान्तको तरलता अनुपात १२.७६ प्रतिशत रहेको छ, जगेडा तथा अन्य कोषमा सामान्य बढेको छ । साथै यस आ.व. को पहिलो त्रैमासमम्मा खुद मुनाफा रु. ८४ लाख ६९ हजार ८१ रहेको छ ।

ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

यस वित्तीय संस्था आफ्ना सदस्यहरुलाई गुणस्तरिय लघुकर्जा सेवा प्रदान गर्नुका साथै समूह सदस्यहरुलाई बचत परिचालन सेवा दिने कार्यमा केन्द्रित रहँदै आएको छ । आगामी दिनमा पनि यस कार्यलाई निरन्तरता दिइनेछ । सुदुर पश्चिम र लुम्बिनी प्रदेशको ६ वटा जिल्लामा कार्यालय सञ्जाल रहेको यस संस्थाले ग्रामीण तथा अति विपन्न परिवारलाई लक्षित गरी प्रत्यक्ष वा परोक्ष रुपमा वित्तीय पहुँच पुऱ्याई सेवा प्रवाह गर्नका लागि व्यवस्थापनले नियमनको परिधीमा रही खुकुलो र लचिलो नीति लिई प्रभावकारी रुपमा कार्यन्वयन गर्नेछ । हाल केही प्रतिकुल परिस्थितिको कारण निष्कृय कर्जाको हिस्सा केही बढ्दै भए तापनि यस त्रैमास अवधिमा नयाँ कर्जा निष्क्रिय हुन नदिन गुणस्तरीय लगानीलाई प्राथमिकता दिने, असुलीको लागि क्षेत्र भ्रमण कार्यक्रममा केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुलाई परिचालन गरी सघन असुली ताकेता गर्ने, लक्ष्य र योजना बनाई कार्यान्वयनको लागि शाखाहरुमा पठाउने र सो अनुसार प्रगति भए नभएको नियमित रुपमा दैनिक अनुगमन गर्ने जस्ता रणनीति अपनाइएको छ । ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गरी संस्थाको छवि सुदृढ हुने कुरामा यस वित्तीय संस्था विश्वस्त रहेको छ । सदस्यहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धिको लागि व्यवसायिक र सीपमुलक तालिमहरु पनि सञ्चालन गरिँदै आइरहेको छ । वित्तीय सचेतना अभिवृद्धिको लागि सेवाग्राही र अभिभावकहरुको सहभागितामा वित्तीय साक्षरता तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने कार्यलाई आगामी अवधीमा पनि निरन्तरता दिइनेछ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :

यस संस्थाको व्यवसायको आकार वृद्धि भई रहेको छ भने सञ्चालन मुनाफा अघिल्लो वर्षको पहिलो त्रैमासको तुलनामा थोरै कमि आएको छ । नयाँ कर्जा भाखा नाघ्ने दर विस्तारै कम हुँदै गए तापनि पुरानो भाखा नाघेको कर्जा अपेक्षाकृत रुपमा असुली हुन सकेको छैन । तथापि वित्तीय संस्थाले हाल वित्तीय साक्षरता कार्यक्रमहरु मार्फत वित्तीय संस्थाले सदस्यहरुलाई सचेतना दिँदै आई रहेको छ । आर्थिक गतिविधिहरु विस्तारै चलायमान हुँदै गएकोले आगामी केही दिनभित्र संस्थाले दिने सेवा तथा संस्थाको कारोवारमा वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ । तसर्थ संस्थाको मौज्दात, नाफा नोक्सान वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना भएको छैन । यस प्रति व्यवस्थापन सचेत र सतर्क रहेको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :

यस अवधिमा संस्थाले कसैको विरुद्ध र संस्थाको विरुद्ध अरु व्यक्तिवाट कुनै पनि मुद्दा दायर भएको छैन ।

ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :

यस वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :

कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे हालसम्म कुनै पनि जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :

यस लघुवित्त वित्तीय संस्थाको शेयर कारोवारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ । शेयरको मूल्यमा तात्विक असर पार्ने कुनै पनि असामान्य घटना घटेको छैन ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :

यस त्रैमास अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबारको संख्या निम्न अनुसार रहेको छ ।

अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रु.	अन्तिम मूल्य रु.	कारोवार भएको कूल दिन	कारोवारको संख्या	कारोवार भएको कुल शेयर संख्या
१३३७।२०	११८७	१२४४।८०	६१	९१८	२७,३४६

(श्रोत : नेपाल स्टक एक्सचेन्जको वेवसाईट *www.nepalstock.com.np* अनुसार)

५. समस्या तथा चुनौती :

क. भाखा नाघेको तथा निष्कृय कर्जा अनुपात बढ्नु ।
ख. केही ऋणी सदस्यहरु ऋण लिएपछि सम्पर्कमा नआउनु ।
ग. युवा वर्ग पलायन हुँदा नयाँ सदस्यहरु थप नहुनु, तथा पुराना ऋणी सदस्य घट्दै जानु ।
घ. सदस्य स्वयम् नै वैदेशिक रोजगारीमा जाँदा समूहको बैठकहरुमा उपस्थिति कम हुनु ।
ङ. व्यवसायिक शिथिलता कायमै रहँदा कर्जाको माग घट्नु ।

रणनीति :

क. निष्कृय कर्जा घटाउनको लागि कार्य योजना र जिम्मेवारी तोकी सम्पूर्ण कर्मचारीहरु परिचालन गर्ने ।
ख. गुणस्तरिय कर्जा लगानीको लागि कर्मचारीहरुको क्षमता विकासको लागि तालिम दिने ।
ग. सेवाग्राहीमैत्री लघुवित्त सेवा बनाउन ग्राहकहरुको सुझाव संकलन गर्ने, केन्द्र प्रमुख तथा अभिभावहरुसंग वित्तीय साक्षरता र अन्तरक्रिया कार्यक्रम गर्ने, संकलित राय सुझावको अध्ययन विश्लेषण गरी नीतिगत सुधार गर्ने ।
घ. सदस्यहरुमा जनचेतना र वित्तीय साक्षरता अभिवृद्धि गर्नको लागि सचेतनामुलक सन्देश, अडियो, भिडियो सामग्री र सूचना तयार पारी विभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्ने ।
ङ. उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गर्ने ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति र व्यवस्थापन स्तरीय समितिहरु सदैव प्रतिवद्ध रहेको छ । नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायले जारी गरेको निर्देशन तथा लघुवित्त संस्थाले बनाएका नीति नियमहरुको अनुपालन गरिँदै आइएको छ । संस्थागत सुशासन कायम गराउन नीति नियम तथा निर्देशिकाहरु तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी निर्देशकको उद्घोषण :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा मेरो उच्च व्यवस्थापनले मलाई उपलब्ध गराएको सूचनाको आधारमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरु सुसुचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन ।